मितिः- २०७०/०५/१६.

श्रीमान् प्रमुख आयुक्तज्यू,
अख्तियार दुरूपयोग अनुसन्धान आयोग
काठमाण्डौं, नेपाल ।

बिषयः- कारबाही गरी पाउँ

महोदय,

साविक नेपाल खाद्य संस्थानको स्वामित्वमा रहको म्याग्दी जिल्ला, अर्थुङ्गे गाविस, वडा नं. २/ख कि. नं. १७९ क्षेत्रफल २-५-३-३ को जग्गा कित्ता १ र सो जग्गामा निर्मित १०० मेट्रिक टन क्षमताका २ वटा र ५० मेट्रिक टन क्षमताका २ वटा गरी ४ ओटा गोदाम घर र ऐ. ऐ. कि. नं. ३६४ क्षेत्रफल १-६-१-२ रोपनीको जग्गा कित्ता १ समेत दुई कित्ता जग्गा म्याग्दी जिल्लाको सदरमुकाम बेनीबजारको मुख्य बजार क्षेत्रभित्र पर्ने जग्गाहरू हुन् । उक्त जग्गाहरू सरकारले तत्कालीन अवस्थामा यस जिल्लामा खाद्यान्न अभाव हुने गरेको र मोटरबाटोको समेत सुविधा नभएको अवस्थामा जनतालाई भोकमरीबाट बचाउन र सहुलियत दरमा जनतालाई खाद्यान्न उपलब्ध गराउने उद्देश्यले गोदाम घर निर्माण गर्न जग्गा धनीले बिक्रि गर्न नचाहँदा पनि बाध्यात्मक तरीकाले अधिग्रहण गरी लिएको हो । उक्त जग्गाहरू खाद्य संस्थानले लिंदा तत्कालीन म्याग्दी जिल्ला पञ्चायतको रू. ४०,०००/- (चालीस हजार) समेत आर्थिक अनुदान परेको छ । तर पछिल्लो समयमा जिल्ला सदरमुकाम बेनीबजार र जिल्लाका मुख्यमुख्य बजार र गाउँहरूमा मोटरबाटो पुगेको र खाद्यान्नहरू गाउँ-बजार क्षेत्रमा समेत सहज ढंगले प्राप्त गर्ने अवस्थामा खाद्य संस्थानले बिक्रि गर्ने खाद्यान्न बिक्रि हुन छाडेको र डिपो, गोदामको आवश्यकता पनि नरहेको परिप्रेक्ष्यमा यस जिल्लाबाट नेपाल खाद्य संस्थानको कार्यालय र डिपोहरू खारेज भएको हुँदा खाद्य संस्थानको स्वामित्वमा रहेको बेनीबजारका उल्लेखित जग्गाहरू पनि खाद्य संस्थानले बिक्री गर्ने योजना बनाएको थियो ।

हिजोको विशेष परिस्थितिमा बाध्यताले बिक्री गरेको उक्त जग्गाहरू अब खाद्य संस्थानलाई नचाहिएको अवस्थामा केवल संस्थानका कर्मचारीहरूलाई तलब भत्ता खुवाउन बिक्री गर्न नहुने र जिल्ला सदरमुकाम बेनीबजार छिट्टै नगरपालिकामा परिणत हुने स्थितिमा नगरपालिकाको संरचनालाई आवश्यक पर्ने भएकाले उक्त जग्गाहरू बिक्री नगरी सार्वजनिक प्रयोजनमा ल्याउन यस जिल्लाका सबै राजनितिक दल, सरकारी निकाय, संघसंस्था तथा नागरिक समाज लगायन सम्पूर्ण म्याग्दीवासी जनताहरूको चाहना अनुसार तत्कालिन सरकार र नेपाल खाद्य संस्थानका उच्च पदाधिकारीहरू सँग डेलिगेसन गएको, ज्ञापनपत्रहरू प्रकाशित/प्रसारित भएको अवस्था हो । तर जिल्लाका सबै निकायहरूबाट यत्रो विरोध हुँदाहुँदै पनि नेपाल खाद्य संस्थानले मिति २०६३/११/०८ मा उक्त जग्गाको न्यूनतम मूल्य रू. १, १२, १५, ७८९/- कायम गरी बिक्रीको लागि बोलपत्र आब्हानको सूचना प्रकाशित गरेपछि मिति २०६३/११/०९ मा स्थानीय विकास अधिकारीको अध्यक्षतामा सर्वदलीय बैठक बसी उक्त जग्गा बिक्री नगरी स्थानीय निकायलाई उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरेको र त्यसको जानकारी सहित अर्थुङ्गे गाउँ विकास समितिले नेपाल खाद्य संस्थान प्रधान कार्यालयलाई मिति २०६३/११/०९ मा पत्राचार गरेको थियो । यसैगरी म्याग्दी जिल्ला विकास समितिको मिति २०६३ चैत्र ७, ८ र ९ गते बसेको जिल्ला परिषद्ले पनि उक्त जग्गाहरू बिक्री नगरी सार्वजनिक प्रयोजनमा ल्याउन नेपाल खाद्य संस्थानलाई अनुरोध गरेको थियो । यसरी सबैतिरबाट उक्त बोलपत्रको व्यापक विरोध भएपछि नेपाल खाद्य संस्थानले उक्त बोलपत्र आब्हानको सूचना नै रद्द गरेको थियो ।

यसपछि उक्त जग्गाहरू विभिन्न निकायहरूबाट श्रोत जुटाई खाद्य संस्थानबाट स्थानीय निकायले लिई सार्वजनिक प्रयोजनको निम्ति उपयोग गर्ने सोंचका साथ अघि बढेको अवस्थामा पुनः नेपाल खाद्य संस्थानले दोश्रो पटक मिति २०६४/ / मा बोलपत्र आब्हान गरी जग्गा बिक्री गर्ने सूचना प्रकाशित गऱ्यो । त्यसको सूचना प्राप्त गरेपछि स्थानीय सरोकारवालाहरू सबैले उक्त बोलपत्र सूचनाको विरोध गरे । जिल्ला विकास समितिको मिति २०६५ साल ज्येष्ठ ३०, ३१ र ३२ गते बसेको जिल्ला परिषद्को बैठकले उक्त जग्गा बिक्री नगर्न खाद्य संस्थानलाई अनुरोध गरी जग्गा रजिष्ट्रेशन पास नगरी दिन जिल्ला मालपोत

कार्यालय, म्याग्दीलाई पनि अनुरोध गर्ने निर्णय गऱ्यो । लामो समयसम्म दोश्रो बोलपत्र आव्हानको सूचना अनुसारको टेण्डर स्थगित पनि भयो । तर केही जग्गा दलालहरूको चलखेल र नेपाल खाद्य संस्थानको उपल्लो तहका कर्मचारीको मिलेमतोमा मकवानपुर जिल्ला, हेटौंडा नगरपालिका, वडा नं. ०३ बस्ने नरोत्तम दाहालको रू. १,२०,००,०००/- (एक करोड बिस लाख) को टेण्डरलाई गोप्य ढंगले स्वीकृत गरी म्याग्दी मालपोत कार्यालयमा कार्यालय प्रमुख समेतको मिलेमतोमा म्याग्दीका जनताहरूलाई थाहैं नदिई अति गोप्य ढंगले मिति २०६५/०३/१३ गते शुक्रबार रातारात मालपोत कार्यालय म्याग्दीका रजिष्ट्रेशन नं. १११६ बाट निज नरोत्तम दाहालको नाममा रजिष्ट्रेशन पास गरियो । सोही जग्गा एवं गोदाम घरहरू मिति २०६५/०३/१५ गते आइतवारै निज नरोत्तम दाहालले गोप्य ढंगले म्याग्दी जिल्ला, ज्यामरूककोट गाविस, वडा नं. ०८ बस्ने प्रदीप सापकोटालाई रू. १,८७,००,०००/- (एक करोड सन्तानब्बे लाख) मा राजिनामा बिक्री गरे । यसरी विच्चमा शनिवारको मौका पारी दुई दिनको अन्तर देखाई गोप्य तरीकाले रू. ७७,००,०००/- (सतहत्तर लाख) को अन्तर पारी रजिष्ट्रेशन पास गरियो । पहिलो र दोश्रो बोलपत्र आव्हानको सूचनाको मिति झण्डै एक बर्ष फरक रहेको छ । उक्त जग्गाहरू जिल्ला सदरमुकाम रहेको ठाउँको भएको र उक्त ठाउँमा बर्षेनी मूल्य बृद्धि चर्को रूपमा बढेको स्थिती छ । नेपाल खाद्य संस्थानले जग्गा बिक्री गर्दा पहिले कायम गरेको न्यूनतम मूल्यलाई नै आधार बनाई दोश्रो बोलपत्र आव्हान गरेको आफैंमा उपयुक्त देखिदैन । तत्काल सो ठाउँमा जग्गाको प्रचलित मूल्य रू. तीन लाख प्रति आना थियो र सोही हिसाबले बिक्री भईरहेको थियो भने गोदामहरू एवं कम्पाउण्डको मूल्य रू. पचास लाख रूपैंया भन्दा कमको थिएन । यसरी तत्काल उक्त जग्गा एवं गोदामहरूको कूल मूल्य रू २,३०,००,०००/- (दुई करोड तीस लाख रूपैंया) पर्दथ्यो । उक्त समयको मिति २०६५/०६/०३ मा रजिष्ट्रेशन खर्च जोगाउन जग्गाको वास्तविक मूल्य भन्दा कम मूल्य राखी रजिष्ट्रेशन लेनदेनमा एक आना जग्गाको न्यूनतम मूल्य रू. दुई लाख मूल्यांकन भएको देखिएको छ । सोही हिसाब लगाउँदा पनि गोदामहरू र कम्पाउण्ड पर्खालको मूल्य मिति २०६५/०३/१३ रजिष्ट्रेशनमा देखिदैन । उक्त रजिष्ट्रेशन भएको खुलासा भएपछि उक्त जग्गाहरू सार्वजनिक हुनुपर्दछ भनी जिल्लाका क्रियाशील सबै राजनीतिक दलहरू, तिनका भातृ संघ-संगठनहरू, जिल्ला उद्योग वाणिज्य संघ, जिल्लामा रहेका सबै संघ-संगठनहरू, नागरिक समाज लगायतले सदरमुकाम बेनीमा ठूल्ठूला विरोध र आमसभाहरू गरी विरोध जनाएको स्थिति हो, जुन अद्यापि जारी नै रहेको छ । यस बीचमा उक्त जग्गाहरू कानूनी तरीकाले स्थानीय निकायको स्वामित्वमा ल्याउन सरकारी तवरमा र सम्बन्धित जग्गाधनी सँग पनि प्रयासहरू गरिएका हुन तर त्यसले पूर्णता पाउन सकेको स्थिति छैन । जसको कारण कानूनी उपचारमा जान पनि बिलम्ब भयो ।

माथि उल्लेखित विवरणहरूबाट नेपाल खाद्य संस्थान प्रधान कार्यालय काठमाण्डौ र मकवानपुर जिल्ला, हेटौडा नगरपालिका, वडा नं. ०३ बस्ने वर्ष ४८ को नरोत्तम दाहाल र तत्कालीन मालपोत कार्यालय म्याग्दीका अधिकारीहरूको मिलेमतोमा स्थानीय निकायको निर्णयहरू र स्थानीय जनताको आवाजलाई बेवास्ता गरी नेपाल सरकारको पूर्ण स्वामीत्वमा रहेको नेपाल खाद्य संस्थानको जनताको आवाजलाई बेवास्ता गरी नेपाल सरकारको पूर्ण स्वामीत्वमा रहेको नेपाल खाद्य संस्थानको नाममा रहेको सार्वजनित सम्पत्तिको हिनामिना गरी करोडौं रूपैंया नेपाल खाद्य संस्थानलाई नोक्सान पारेको देखिएकोले सम्बन्धित सबैलाई छानबिन गरी कारबाही चलाई संस्थानको हानी-नोक्सानी असुल उपर गराई पाउँ । साथै हेटौडा नगरपालिका, वडा नं.०३ बस्ने नरोत्तम दाहाल र म्याग्दी जिल्ला, ज्यामरूककोट गाविस, वडा नं.०८ बस्ने प्रदीप सापकोटाले करोडौं रूपैंयाको घरजग्गा खरीद गर्न सक्ने आर्थिक क्षमताका व्यक्ति हुन्, होईनन् । निजहरूलाई उक्त जग्गा खरीद गर्न त्यति रकम कहाँ, कुन श्रोतबाट कसरी प्राप्त भयो ? सो सम्बन्धमा समेत आवश्यक छानबिन गरी पाउँ । हाल बेनीबजारलाई नगरपालिका घोषणा गरेको अवस्थामा सार्वजनिक प्रयोजनका लागि अति आवश्यक भएकाले स्थानीय निकायको नाममा कायम गर्ने व्यवस्था गरी पाउन अनुरोध गर्दछौं ।

पटक पटक विभिन्न राजनीतिक दलहरूको र विभिन्न भातृ संगठनले समेत नेपाल खाद्य संस्थानको जग्गा विवादका बिषयमा छलफल गरी गरिएको निर्णयको प्रतिलिपी यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

संलग्न कागजातहरू:

| | |
|---|---|
| १. मिति २०६३/१०/०८ गतेको नेपाल खाद्य संस्थानको सूचना | -१ |
| २. मिति २०६३/११/०८ गतेको अर्थुङ्गे गाउँ विकास समितिको पत्र | -१ |
| ३. जिल्ला परिषद् म्याग्दीको निर्णयहरू | -२ |
| ४. नरोत्तम दाहालले लिएको राजीनामा | -१ |
| ५. प्रदीप सापकोटाले लिएको राजीनामा | -१ |
| ६. र. नं. १७३ को राजीनामा | -१ |
| ७. जिल्ला विकास समिति, म्याग्दीको निर्णय र भातृ संगठनहरूको निर्णयको फोटोकपी | -१ |
| ८. अर्थुङ्गे गाउँ विकास समितिको निर्णयको फोटोकपी | -१ |

निवेदकः

| | |
|---|---|
| १. पहलबहादुर खत्री | अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, जि.का.स., म्याग्दी |
| २. हरिकृष्ण श्रेष्ठ | अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (एमाले), जि. क., म्याग्दी |
| ३. रमेशकुमार पुन | अध्यक्ष, राष्ट्रिय जनमोर्चा, जि. का. स., म्याग्दी |
| ४. धुवलाल शर्मा | अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (एकिकृत), जि. क., म्याग्दी |
| ५. एकेन्द्र रावल | अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी, जि. का. स., म्याग्दी |
| ६. नरबहादुर थापा मगर | अध्यक्ष, राष्ट्रिय जनमुक्ति पार्टी, जि. का. स., म्याग्दी |
| ७. प्रमोद श्रेष्ठ | केन्द्रिय सदस्य, नेपाल उद्योग वाणिज्य महासंघ |
| ८. सूर्यप्रसाद मर्सानी | केन्द्रिय सदस्य, नेपाल उद्योग वाणिज्य महासंघ |
| ९. कुबिरकुमार श्रेष्ठ | अध्यक्ष, म्याग्दी उद्योग वाणिज्य संघ, म्याग्दी |
| १०. तारानाथ शर्मा | सचिव, नागरिक समाज, म्याग्दी |
| ११. सन्तोष रावल | अध्यक्ष, म्याग्दी सामुदायिक पुस्तकालय, म्याग्दी |
| १२. नारायण बराल | महासचिव, म्याग्दी जेसीज, म्याग्दी |

बोधार्थ एवम् कार्यार्थः
श्री मालपोत कार्यालय, म्याग्दी
श्री अर्थुङ्गे गाउँ विकास समितिको कार्यालय, म्याग्दी
श्री जिल्ला प्रशासन कार्यालय, म्याग्दी
श्री जिल्ला प्रहरी कार्यालय, म्याग्दी
श्री सर्तकता केन्द्र, सिंहदरबार, काठमाण्डौ
श्री मालपोत कार्यालय म्याग्दी खाद्यको जग्गा कि० का० काम नगरी दिनु होला

श्री म्याग्दी जिल्ला अदालत बाट खाद्यको जग्गा निर्णय नगरी दिनु होला

मिति २०६०/८/२८ मा दर्ता